# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७५-५२०१०९, ५२०८९३, ५२०१२९, ५२०९०९

Email: info@tansenmun.gov.np, ito.tansenmun@gmail.com
website: www.tansenmun.gov.np


पत्र संख्या : २०७९/०८०
चनं : ४५३३

चौथो पटक प्रकाशीत मिति : २०८०।२।१४

## सूचना

तानसेन नगरपालिकाबाट चालु आ.व.२०७९/०८० को बार्षिक नगर विकास योजनामा तानसेन नगरपालिका क्षेत्रभित्र समुदायस्तरबाट संचालन गरिएका २०० घरधुरीले उपयोग गर्ने लघु प्रकृतिका लिफ्ट खानेपानी आयोजनामा खपत हुने विद्युत महसुलमा २५ प्रतिशत अनुदान प्रदान गर्ने कार्यक्रम राखिएकोमा तानसेन नगरपालिका क्षेत्र भित्र सञ्चालित लघु प्रकृतिका लिफ्ट खानेपानी योजनामा खपत हुने विद्युत महसुल अनुदान सम्वन्धी कार्यविधि, २०७९ को आधारमा नगरपालिकामा खानेपानी उपभोक्ता समिति दर्ता गरी अनुदान प्राप्त गर्नको लागि वडा कार्यालयको सिफारिस तथा निम्नानुसारका आवश्यक कागजात सहित पुनः यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा आवेदन दिनुहुन सम्बन्धित खानेपानी उपभोक्ता समितिहरुको लागि यो सूचना प्रकाशन गरिएको छ ।

निम्नः

१. खा.पा.उपभोक्ता समितिको आ.व. २०७८।०७९ को लेखा परीक्षण प्रतिवेदन, नियमानुसारको कर चुक्ता विवरण र अनुदान प्राप्त गर्नको लागि सममितको वैठकको निर्णयको प्रतिलिपि
२. खा.पा. उपभोक्ता समितिको पदाधिकारीको नागरिकताको प्रतिलिपि
३. खा.पा. उपभोक्ता समितिको नाममा विद्युत महसुल बुझाउने कार्ड
४. खा.पा.उपभोक्ता समितिको मर्मत संभार कोष सम्वन्धी कागजात
५. उपभोक्ता समितिले प्रति महिना नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रमा २०७९ श्रावण देखि २०७९ वैशाख सम्म खपत गरेको विद्युत महसुल तिरेको प्रमाणीत कागजात साथै समय भित्रमै महसुल तिरेको हो भनि प्राधिकरणको आधिकारीक सिफारिसको विवरण
६. उपभोक्ता समिति जलस्रोत समिति र तानसेन नगरपालिकामा दर्ताको प्रमाण पत्र तथा नवीकरणको कागजात,
७. खर्च सार्वजनिक गरेको विवरण तथा वडा कार्यालयको सिफारिस
८. वैंक खाता नम्वर सहितको कागजातहरु

यस सम्वन्धी सूचना र कार्यविधिको प्रतिलिपी वडा कार्यालयमा समेत रहने हुँदा थप जानकारीको लागि आफ्नो वडा कार्यालयमा सम्पर्क गरी आवश्यक सहयोग लिन सकिने छ । यस पूर्व यस कार्यालयमा पेश गरेका प्रमाणित कागजातलाई समेत मान्यता दिइने छ ।

...........................
प्रमुख प्रशासकीय अधिकृत
जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७५-५२०१०९, ५२०८९३, ५२०१२९, ५२०१०१

Email: info@tansenmun.gov.np,
ito.tansenmun@gmail.com
website: www.tansenmun.gov.np


पत्र संख्या : २०७९/०८०
चनं : २९२१

मिति : २०८०।२।१४

विषय : लिफ्ट खानेपानीको विद्युत महसुल अनुदान सम्बन्धमा

श्री वडा कार्यालय सबै
तानसेन नगरपालिका, पाल्पा ।

प्रस्तुत विषयमा तानसेन नगरपालिकाबाट चालु आ.व.२०७९/०८० को बार्षिक नगर विकास योजनामा नगरवासीलाई लिफ्ट खानेपानीको विद्युत महसुलमा अनुदान रकम उपलब्ध गराउने सम्वन्धी सूचना र **तानसेन नगरपालिका क्षेत्र भित्र सञ्चालित लघु प्रकृतिका लिफ्ट खानेपानी योजनामा खपत हुने बिद्युत महसुल अनुदान सम्बन्धी कार्यविधि, २०७९** को प्रतिलिपी यस अघी नै संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ । उक्त सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरिदिनु हुन साथै सम्वन्धित उपभोक्ता समितिहरुलाई आवश्यक सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

.....................
जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

जीवन ज्ञवाली
प्रमख प्रशास... ...कृत